# अर्जुनधारा नगरपालिका
# नगर कार्यपालिकाको बैठक

बैठक संख्याः ८/ ०८१/ ०८२ मितिः २०८१/ १०/ १४

अध्यक्षताः नगर प्रमुख श्री बलदेवसिंह गोम्देन

## उपस्थिति

| | | |
|---|---|---|
| नगर प्रमुख | श्री बलदेवसिंह गोम्देन | उपस्थित |
| उपप्रमुख | श्री खड्गमाया पराजुली | उपस्थित |
| वडा अध्यक्ष,वडा नं १ | श्री उपेन्द्र बस्नेत | उपस्थित |
| वडा अध्यक्ष,वडा नं २ | श्री नरेन्द्र कुमार श्रेष्ठ | उपस्थित |
| वडा अध्यक्ष,वडा नं ३ | श्री सिताराम भट्टराई | उपस्थित |
| वडा अध्यक्ष,वडा नं ४ | श्री अम्बर बहादुर कटुवाल | उपस्थित |
| वडा अध्यक्ष,वडा नं ५ | श्री गिताराज खड्का | उपस्थित |
| वडा अध्यक्ष,वडा नं ६ | श्री हरिश्चन्द्र बास्तोला | उपस्थित |
| वडा अध्यक्ष,वडा नं ७ | श्री गोविन्द प्रसाद खतिवडा | उपस्थित |
| वडा अध्यक्ष,वडा नं ८ | श्री कुमार प्रसाद उप्रेती | उपस्थित |
| वडा अध्यक्ष,वडा नं ९ | श्री भिष्म मिश्र | उपस्थित |
| वडा अध्यक्ष,वडा नं १० | श्री भूपेन्द्र नेउपाने | उपस्थित |
| कार्यपालिका सदस्य | श्री कौशिलाल परियार | उपस्थित |
| कार्यपालिका सदस्य | श्री गौरीमाया चिमरिया | उपस्थित |
| कार्यपालिका सदस्य | श्री चन्द्र कुमारी तामाङ्ग | उपस्थित |
| कार्यपालिका सदस्य | श्री चन्द्रमाया तामाङ्ग | उपस्थित |
| कार्यपालिका सदस्य | श्री नरेन्द्रबहादुर राई | उपस्थित |
| कार्यपालिका सदस्य | श्री मुना खत्री | उपस्थित |
| कार्यपालिका सदस्य | श्री विमला रोक्का | उपस्थित |
| कार्यपालिका सदस्य | श्री सन्तोष मेचे | उपस्थित |
| सचिव, प्रमुख प्रशासकीय अधिकृत | श्री तिलोचन रिमाल | उपस्थित |
| आमन्त्रित का.वा. वडा अध्यक्ष वडा नं ११ | श्री पूर्णबहादुर राई | उपस्थित |

आज मिति २०८१ साल माघ १४ गते बसेको अर्जुनधारा नगरपालिकाको नगर कार्यपालिकाको बै.सं. ८/ ०८१/ ०८२ को बैठकबाट निम्न बमोजिमका प्रस्तावहरु उपर छलफल गरी सर्वसम्मत रुपमा देहाय बमोजिमका निर्णयहरु गरियो ।

**<u>प्रस्ताव नं १ अघिल्लो बैठकको निर्णय कार्यान्वयको समिक्षा ।</u>**

**क.** अघिल्लो कार्यपालिकाको बैठकको निर्णय तथा सोको कार्यान्वयन सम्बन्धमा समिक्षात्मक छलफल गरियो ।

**<u>प्रस्ताव नं २ कर्मचारीहरुको तहवृद्धि सम्बन्धमा</u>** ।

स्थानीय सरकारी सेवा (गठन तथा सञ्चालन) ऐन, २०८० को दफा २७ बमोजिम यस अर्जुनधारा नगरपालिकामा कार्यरत अधिकृतस्तर सातौं तथा सहायकस्तर पाचौं तहका कर्मचारीहरुको अधिकृतस्तर आठौं र अधिकृतस्तर छैटौं तहमा तहवृद्धिका लागि आवश्यक योग्यता पुगेकाले देहाय बमोजिम तहवृद्धि हुन तहवृद्धि सिफारिस समितिको बैठकबाट सिफारिस भई आएको ।

**<u>निर्णयको व्यहोराः</u>**

स्थानीय सरकारी सेवा (गठन तथा सञ्चालन) ऐन, २०८० को दफा २७ बमोजिम तहवृद्धिका लागि योग्यता पुगी अर्जुनधारा नगरपालिकाका कर्मचारीहरुको तहवृद्धि सिफारिस समितिको बैठकबाट तहवृद्धिका लागि सिफारिस हुनु भएका देहाय बमोजिमका कर्मचारीहरुको देहायानुसार मिति २०८१/ १०/ ०१ गतेबाट (निर्णय) लागू हुने गरी तहवृद्धि गर्ने निर्णय गरियो ।

**प्रस्ताव नं ३ जेष्ठ नागरिक भवन निर्माणका लागि विनियोजित बजेट सम्बन्धमा ।**

**प्रस्तावको व्यहोरा:** यस अर्जुनधारा नगरपालिकाको चालु आर्थिक वर्ष २०८१/ ०८२ को स्वीकृत बजेट तथा कार्यक्रम अन्तर्गत जेष्ठ नागरिक भवन निर्माणका लागि रु ३० लाख विनियोजन भएकोमा उक्त विनियोजित बजेटबाट सञ्चालन हुने आयोजना छनौटका लागि छलफलका लागि प्रस्ताव पेश भएको ।

**निर्णयको व्यहोरा:**

यस प्रस्तावमा छलफल गर्दा यस  अर्जुनधारा नगरपालिकाको चालु आर्थिक वर्ष २०८१/ ०८२ को स्वीकृत बजेट तथा कार्यक्रम अन्तर्गत जेष्ठ नागरिक भवन निर्माणका लागि विनियोजित बजेट रु ३० लाख मध्येबाट वडा नं १ र ३ मा रहेको अधुरो जेष्ठ नागरिक भवन निर्माणका लागि सहारा नेपालसँगको लागत साझेदारीमा भवन निर्माण गर्न रु १० लाखका दरले विनियोजन गर्ने र बाँकी रु १० लाख वडा नं ५ मा जेष्ठ नागरिक भवन निर्माणका लागि विनियोजन गर्ने निर्णय गरियो ।

**<u>प्रस्ताव नं ३ कालोसूचीका लागि सिफारिस तथा नयाँ ठेक्का बन्दोवस्त सम्बन्धमा ।</u>**

आर्थिक वर्ष २०८१/०८२ को यस अर्जुनधारा नगरपालिका क्षेत्रको नदीजन्य पदार्थको उत्खनन तथा बिक्रिको ठेक्का नं. AM/IR/04/081/082 को टाङटिङ प्याकेज २ (टाङटिङ ठुलो नेते दोभान दक्षिण र ठुलो नेते खोला) को नदीजन्य पदार्थ उत्खनन तथा बिक्रिको लागि मिति २०८१/०५/२५ गतेको कार्यपालिकाको बैठकले श्री भिन्टेज कन्स्ट्रक्सन एण्ड सप्लायर्स प्रा लि माईजोगमाई ईलामको बोलपत्र प्रस्ताव स्वीकृत भई ७ दिन भित्र सम्झौता गर्न आउनको लागि मिति २०८१/०५/२५ मा पत्र पठाईएकोमा उक्त अवधिमा सम्झौता नभएको र सम्बन्धित फर्मले विविध कारण देखाई सम्झौताको म्याद थप गर्न अनुरोध गरेकोमा कार्यपालिकाको मिति २०८१/०६/२० गतेको बैठकले २०८१ मंसिर मसान्तसम्मको सम्झौताको लागि म्याद थप गरेकोमा उक्त अवधिमा सम्बन्धित कन्स्ट्रक्सन एण्ड सप्लायर्स प्रा लि सम्झोता गर्नको लागि नआएको साथै सो सम्बन्धमा मिति २०८१/०९/०२ गतेको कार्यपालिकाको बैठकले सम्झौता गर्न नआउनुको कारण सोधनी गरी १५ दिनको म्याद दिई स्पष्टिकरण माग गर्ने र उक्त अवधि भित्र उपयुक्त स्पष्टिकरण पेश गरी सम्झौता गर्न आएमा सम्झौता गर्ने र उक्त अवधिमा पनि सम्झौता गर्न नआएमा कानुन बमोजिम प्रक्रिया अगाडि बढाउने निर्णय भएकोमा सम्बन्धित कन्स्ट्रक्सन एण्ड सप्लायर्स प्रा लि.ले कुनै पनि लिखित स्पष्टिकरण पेश नगरेको,

नदीजन्य पदार्थको उत्खनन तथा बिक्रिको ठेक्का नं. AM/IR/04/081/082 को टाङटिङ प्याकेज २ (टाङटिङ ठुलो नेते दोभान दक्षिण र ठुलो नेते खोला) को ठेक्का सम्झौताको लागि श्री भिन्टेज कन्स्ट्रक्सन एण्ड सप्लायर्स प्रालिलाई पटक पटक ताकेता गर्दा पनि समय म्याद भित्र सम्झौता गर्न नआएको हुँदा सो सम्बन्धमा आवश्यक निर्णयार्थ प्रस्ताव पेश भएको ।

**<u>निर्णयको व्यहोराः</u>**

उल्लेखित फर्म श्री भिन्टेज कन्स्ट्रक्सन एण्ड सप्लायर्स प्रा लि माईजोगमाई ईलामलाई अन्तिम पटकका लागि ३ दिनको म्याद दिई स्पष्टिकरण सोधी उक्त म्याद भित्र पनि ठेक्का सम्झौता गर्न नआएमा प्रचलित कानून बमोजिम कालो सूचीमा राखी उक्त ठेक्का प्रक्रियालाई पुनः नयाँ प्रक्रियाका माध्यमबाट अगाडी बढाउने निर्णय गरियो ।

**प्रस्ताव नं ४ पोखरी निर्माणका लागि अनुमति सम्बन्धमा ।**

अर्जुनधारा नगरपालिका वडा नं २ बस्ने श्री लक्ष्मीकान्त घिमिरे, चन्द्रसेखर घिमिरे समेतले निजहरुका नाममा दर्ता कायम रहेको साविक बुधबारे २ छ को कि.नं.२२२४,२२२५,२२२६, २२२७ को जग्गामा माछा पालन गर्नका लागि पोखरी खन्ने अनुमतिका लागि निवेदन दिनु भएको ।निवेदनका साथमा उक्त जग्गामा कृषि प्रयोजनका लागि माछापोखरी बनाउन तथा सोको लाग पोखरी खन्ने कार्यमा स्थानीय छरछिमेकीको वाधा अवरोध तथा आपत्ती नभएको भन्ने व्यहोराको सम्बन्धित २ नं वडा कार्यालयबाट प्रमाणित गरिएको स्थलगत सर्जमिन मुचुल्का सहित प्रस्तावक चन्द्रशेखर घिमिरे रहेको भोलानाथ इन्जिनियरिङ डिजाइनर्स कनसल्टेन्सीबाट तयार गरिएको संक्षिप्त वातावरणीय प्रतिवेदन समेत पेश भएको ।उक्त प्रतिवेदनको ५.१.४ मा "पोखरी उत्खननको चरणमा प्राप्त हुने २ मि. सतहको माटो वेचविखन हुने, माटो विक्रीका लागि नगरपालिकाले कोशी प्रदेशको आर्थिक ऐन २०८१ मा तोकिएको दररेट अनुसार हुन आउने राजश्व दाखिला गराई व्यवसायिक प्रयोजनका लागि बेचविखन गर्न अनुमति दिन सक्ने" भन्ने व्यहोरा उल्लेख भएको र पोखरी निर्माणको क्रममा १२००७० घ.फि. माटो तथा साधारण निर्माणमुखी सामाग्री उत्खनन हुने व्यहोरा उल्लेख भएको ।साथै, कोशी प्रदेशको आर्थिक ऐन, २०८१ को अनुसुचीमा स्थानीय तहले वार्षिक रुपमा तोकिएको दर अनुसार हुने एकमुष्ट शुल्क लिएर अनुमति दिन सक्ने व्यवस्था रहेको ।

**निर्णयको व्यहोराः**

प्रस्तावमा उल्लेखित विषयमा छलफल गरी उक्त क्षेत्रमा पोखरी निर्माणका लागि संक्षिप्त वातावरणीय प्रतिवेदन स्वीकृत गरी उक्त प्रतिवेदनमा उल्लेख भए अनुसारको राजश्व रु १,८०,१०५/- दाखिला गराई प्रचलित कानून बमोजिम पोखरी खन्नका लागि अनुमति दिने निर्णय गरियो ।

**प्रस्ताव नं ५ भू उपयोग क्षेत्र परिवर्तनका लागि सिफारिस गर्ने सम्बन्धमा ।**

भू उपयोग कार्यान्वयन निर्देशिका, २०८१ को दफा ३१ मा भू उपयोग क्षेत्र परिवर्तन सम्बन्धि व्यवस्थाको उपदफा १ मा अनुसुची ४ को निवेदनको ढाँचामा निवेदन दिने व्यवस्था रहेको हुनाले २०८१ पौष मसान्तसम्ममा प्राप्त निवेदन दफा ३१ को उपदफा २ बमोजिम छानविन गर्ने र उपदफा ३ बमोजिम पौष मसान्तसम्ममा प्रदेश भू उपयोग परिषदमा पठाउनुपर्ने कानुनी व्यवस्था भएकाले उक्त प्रावधान बमोजिम संकलित निवेदन अनुसार तपशिलमा उल्लेखित विवरण भएका जग्गाहरुलाई भू उपयोगको क्षेत्र परिवर्तनका लागि सिफारिस हुन प्रस्ताव पेश भएको ।

**निर्णयको व्यहोराः**

प्रस्तावमा उल्लेख भए बमोजिमका देहाय बमोजिमका जग्गाहरुको भू उपयोगको क्षेत्र परिवर्तका लागि प्रदेश भू उपयोग परिषदमा सिफारिस गरी पठाउने निर्णय गरियो ।

| हालको वडा नं | कित्ता न | जग्गाको क्षेत्रफल | हालको भू उपयोग क्षेत्र | परिबर्तन हुने भू उपयोग क्षेत्र |
|---|---|---|---|---|
| १० | १८२७ | ०-१०-० | कृषि क्षेत्र | आवासीय क्षेत्र |
| १० | ९८० | ०-६-० | कृषि क्षेत्र | आवासीय क्षेत्र |
| १० | ४०८ | ०-१०-० | कृषि क्षेत्र | आवासीय क्षेत्र |
| ९ | ३४७ | ०-३-१२ | आवासीय क्षेत्र | कृषि क्षेत्र |
| ९ | ३५० | ०-११-१२ | आवासीय क्षेत्र | कृषि क्षेत्र |
| ९ | ३५२ | ०-६-८ | आवासीय क्षेत्र | कृषि क्षेत्र |
| ११ | ७०७८ | ०-२-५ | कृषि क्षेत्र | आवासीय क्षेत्र |
| ११ | ७०७५ | ०-३-७ | कृषि क्षेत्र | आवासीय क्षेत्र |
| ११ | ७०८० | ०-२-१० | कृषि क्षेत्र | आवासीय क्षेत्र |
| ११ | ७०७९ | ०-२-३ | कृषि क्षेत्र | आवासीय क्षेत्र |
| ११ | ७०८१ | ०-२-१० | कृषि क्षेत्र | आवासीय क्षेत्र |
| ११ | ७०७६ | ०-२-७ | कृषि क्षेत्र | आवासीय क्षेत्र |
| १० | १६५९ | ०-१०-३ | कृषि क्षेत्र | आवासीय क्षेत्र |
| ३ | ५४११ | ०-३-१५ | कृषि क्षेत्र | आवासीय क्षेत्र |
| ५ | २३२ | ०-१०-१० | कृषि क्षेत्र | आवासीय क्षेत्र |
| २ | २७३ | १_१३_५ | आवासीय क्षेत्र | कृषि क्षेत्र |
| ५ | ५४१ | १-०-० | कृषि क्षेत्र | आवासीय क्षेत्र |

**प्रस्ताव नं ५ विविध आर्थिक सहायता तथा रकम विनियोजन ।**

विभिन्न संघ संस्था तथा कार्यक्रम लगायत आयोजनाहरुका लागि बजेट तथा आर्थिक सहयताका लागि प्राप्त निवेदनहरुका सम्बन्धमा छलफलका लागि पेश भएको ।

**निर्णयको व्यहोराः**

प्राप्त माग निवेदन तथा छलफलमा उठेका विषयहरुका सम्बन्धमा गरी देहाय बमोजिमका कार्यक्रम तथा आयोजनाहरुका लागि देहाय बमोजिमको श्रोतबाट रकम विनियोजन गर्ने निर्णय गरियो ।

| सि.नं. | आयोजना/ कार्यक्रम/ क्रियाकलाप | रकम (रु) | श्रोत |
|---|---|---|---|
| १ | सिंहदेवी मा.वि. वडा नं १ मा रङ्गरोगन | ३ लाख | संघसंस्था प्रवर्द्धन |
| २ | सन्थाल बस्तीमा पुल निर्माण, वडा नं ५, बिर्तामोड न.पा.सँग साझेदारीमा | ल.ई. बमोजिम | साझेदारी |
| ३ | कालिमन्दिर मर्मत सम्भार, वडा नं ५ | १ लाख | संघसंस्था प्रवर्द्धन |
| ४ | मितिनि नेपाललाई अन्तर्क्रिया कार्यक्रमका लागि सहयोग | ३४ हजार | संघसंस्था प्रवर्द्धन |
| ५ | नगरस्तरीय ल्होछार कार्यक्रम सञ्चालन सहयोग | २ लाख | संघसंस्था प्रवर्द्धन |
| ६ | शनिश्चरे बहुमुखी क्याम्पसका विद्यार्थीलाई अध्ययन अवलोकन भ्रमण सहयोग | ३० हजार | प्रस्तावनामा आधारित |
| ७ | दाहालटार,वडा नं २ मा फुटबल प्रतियोगिता सञ्चालन | १ लाख | प्रस्तावनामा आधारित |
| ८ | अन्तरपालिका कर्मचारी फुटबल प्रतियोगितामा सहभागिताका लागि | १ लाख ५० हजार | खेलकुद |
| ९ | कैदले पर्यटन क्षेत्रको डिपिआर तयारी | ३ लाख | संघसंस्था प्रवर्द्धन |
| १० | मदन भण्डारी राजमार्ग पुल दक्षिण सुखानी खोला पूर्व बगरे पैनी निर्माण वडा नं ३ | ५ लाख | उप प्रमुख प्रस्तावना |
| ११ | शेरबहादुर दारको घर आसपास इनार निर्माण | १ लाख | प्रस्तावनामा आधारित |
| १२ | भोर्लेनी छिन्ताङ गाउँमा इनार निर्माण | १ लाख | प्रस्तावनामा आधारित |
| १३ | डाडाँगाउँ बराल टोलमा इनार निर्माण वडा नं ३ | १ लाख | प्रस्तावनामा आधारित |
| १४ | साठिमुरे टोल तल्लो गाउँ इनार निर्माण वडा नं २ | १ लाख २० हजार | प्रस्तावनामा आधारित |
| १५ | शंकाराचार्य पीठ साधुटारमा धार्मिक अनुष्ठान सञ्चालन सहयोग | २ लाख | संघसंस्था प्रवर्द्धन |
| १६ | अर्जुनधारा जलेश्वर धाम धार्मिक अनुष्ठान सञ्चालन सहयोग | ३ लाख | संघसंस्था प्रवर्द्धन |